कैलाली जिल्ला अदालत
धनगढी, कैलाली
२०२०
तहसिलदार
कैलाली जिल्ला अदालत
धनगढी

अनुसूची-२०

(नियम ५७ को खण्ड (ञ) सँग सम्बन्धित)

# कैलाली जिल्ला अदालत,धनगढी

# लिलाम बढाबढको सूचना

वादी जिल्ला कैलाली धनगढी उ.म.न.पा. वडा न ८ बस्ने कमला डगौरा थारु प्रतिबादी जिल्ला कैलाली धनगढी उ.म.न.पा.५ बस्ने निम कुमार चौधरी भएको चेक अनादर मुद्दामा कैलाली जिल्ला अदालतका मिति २०८०।२।१४ गतेका अन्तिम फैसला बमोजिम वादी कमला डगौरा थारुले प्रतिवादी निम कुमार चौधरीबाट भराई पाउने सावाँ र भरिभराउ मिति सम्मको ब्याज अदालती शुल्क समेत गरी जम्मा रकम रु.१२,८८,५३९।- ( ब्राह लाख अठासी हजार पाँच सय उनानचालिस रुपैयाँ ) प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिला गर्न समेत नल्याएको हुँदा वादीले फैसला अनुसार प्रतिवादीबाट भरिपाउने बिगो तपसिल बमोजिमको सम्पत्तिबाट भराई पाउँ भनी वादीको निवेदन परी कारवाही भई प्रतिवादीको उक्त सम्पत्ति पुनः दोस्रो पटक मिति २०८१/०७/४ गते दिनको १२:०० बजे देखि यस अदालतमा डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको बेहोरा सुचित गरिन्छ।

तपसिल

८) यस अदालतको तहसिल शाखामा मिति २०८१/०७/०४ गते दिनको १२:०० बजेदेखि दिनको २:०० बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकबोल गर्न सकिनेछ।

९) डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।

१०) कायम भएको न्यूनतम पञ्चकृते मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ।

११) डाँक लिलामको बखत बोलकवोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिला गर्नुपर्ने छ । बाँकी बोलकबोल रकम लिलाम भएको मितिले सात दिन भित्र दाखिला गर्नुपर्ने छ ।त्यसरी सात दिन भित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ।

१२) डाँक लिलाम बढाबढ हुंदा सबैभन्दा बढी अंक बोलकवोल गर्नेलाई डाँक सकार गराईनेछ।

१३) डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।

१४) डाँक लिलाम हुने सम्पत्तिको बिवरणः-

| जग्गाधनिको नामथर | जिल्ला | गा.वि.स./न.पा. | कित्ता नं. | क्षेत्रफल (व.मी.) | तर्फ | डाँक बोल्नुपर्ने न्यूनतम् मूल्य |
|---|---|---|---|---|---|---|
| निम कुमार चौधरी | कैलाली | धनगढी ५<br>धनगढी ५ | ३०२२<br>८४६ | २५३.९६ ब.मी र<br>२५.४० ब.मी जग्गा | पुरै घर सहित | रु.५०,४९,५९९।- पचास लाख उनानपचास हजार पाँच सय उनान सय रुपैयाँ । |
| जम्माः- | | | | | | रु.५०,४९,५९९।- |

ईति संवत् २०८१ साल असोज २ गते रोज मा शुभम्-----------------------------